# प्रेस विज्ञप्ति

१. २१ नोभेम्बर २०२१ मा डीएभी सुशील केडिया विश्व भारती स्कूल, काठमाडौं र संस्कृति भारतको सहकार्यमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय राजदूतावास, काठमाडौंले नेपाल-भारत अन्तर्राष्ट्रिय मैत्री कन्सर्ट आयोजना गरेको थियो।

२. कार्यक्रमको उद्घाटन वरिष्ठ राजनीतिज्ञ तथा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष श्री महन्थ ठाकुरले गर्नुभएको थियो र यसमा डीएभी सुशील केडिया विश्व भारती स्कूलका अध्यक्ष अनिल केडिया र प्रथम सचिव (प्रेस, सूचना र संस्कृति)) श्री नवीन कुमारको उपस्थिति थियो। सम्मानित अतिथिको रूपमा आफ्नो मन्तव्यमा श्री ठाकुरले भारत र नेपालको साझा सांस्कृतिक सम्पदा र दुई मित्रतापूर्ण छिमेकीहरू बीचको सदियौं पुरानो सम्बन्धलाई प्रवर्द्धन र संरक्षण गर्न युवा कलाकार र विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहनेमा जोड दिए। सो अवसरमा बोल्दै प्रथम सचिव (प्रेस, सूचना तथा संस्कृति) श्री नवीन कुमारले भारत र नेपालका कलाकारहरुको रमाइलो प्रस्तुति र आफ्नो कलाको माध्यमबाट दुई देशका जनतालाई एकताबद्ध गराउन योगदान गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

३. कार्यक्रममा भारतका चर्चित कलाकारहरू- गायिका डा. रञ्जना झा, नर्तकहरू सुश्री यामिनी शर्मा र सुश्री रिजुला मिश्र- र नेपालका स्वजन रघुवंशी समूहले आफ्नो प्रस्तुतिले दर्शकहरूलाई मोहित पारे। भारत र नेपालका सीबीएसई स्कूलका युवा विद्यार्थीहरूले पनि सांस्कृतिक प्रदर्शनी प्रदर्शन गरेका थिए।

४. यो कार्यक्रम भारतको स्वतन्त्रताको ७५ वर्ष मनाउन र स्मरण गर्न भारत सरकारको पहल,'आजादी को अमृत महोत्सव' को एक हिस्सा थियो ।

**२१ नोभेम्बर २०२१**

**काठमाडौं ।**